unesco
Nepal
National Commission नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालयको

# युनेस्को सहभागितामूलक परियोजना प्रस्ताव (Project Proposal for UNESCO Participation Programme 2026/2027) आह्वान सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मिति: २०८२ माघ ९ गते

युनेस्को प्रधान कार्यालय, पेरिसको सन् २०२६/२०२७ को कार्यक्रम र बजेट अन्तर्गत सहभागितामूलक कार्यक्रम (Participation Programme) मा नेपालका तर्फबाट १. शिक्षा (Education) २. प्राकृतिक विज्ञान (Natural Sciences) ३. सामाजिक र मानव विज्ञान (Social and Human Sciences) ४. संस्कृति (Culture) ५. सञ्चार र सूचना Communication and Information) ६. तथ्याङ्क (Statistics) क्षेत्रमध्ये कुनै एक क्षेत्रसँग सम्बन्धित परियोजना प्रस्तावहरू पेस गर्न देहाय अनुसारका सर्त पूरा गरेका गैरनाफामूलक सामाजिक संघ/संस्थाहरूबाट मिति २०८२ माघ २३ गते (तदनुसार फेब्रुअरी ६, २०२६) कार्यालय समयभित्र यस सचिवालयमा आइपुग्ने गरी परियोजना प्रस्ताव ५ (पाँच) प्रति Hard copy र Electronic version पेस गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

पालना गर्नुपर्ने सर्तहरू:

१) परियोजनाको कार्य अवधि अधिकतम १ वर्ष सम्मको हुनुपर्नेछ ।

२) परियोजना पेस गर्ने संस्था परियोजना प्रस्तावको विषय क्षेत्रसँग सम्बन्धित कार्य गर्ने गरी स्थापित भएको हुनुपर्नेछ ।

३) गैरनाफामूलक सामाजिक संस्थाहरूले संस्था दर्ता प्रमाणपत्र, संस्थाको सालबसाली नवीकरण, PAN/VAT दर्ता प्रमाणपत्र र आ.व. २०८१/८२ को कर चुक्ता प्रमाणपत्र पेस गर्नुपर्नेछ ।

४) प्रस्तावित परियोजनाको विषय क्षेत्र सम्बन्धी संस्थागत अनुभव, विज्ञता, प्रशासनिक क्षमता भएका जनशक्ति सहित कार्यालय भएको हुनुपर्नेछ ।

५) परियोजनाको बजेट रकम अधिकतम अमेरिकी डलर २६,०००।- (छब्बिस हजार) सम्म हुनेछ प्रशासनिक खर्च संस्था स्वयंले बेहोर्ने गरी प्रस्ताव पेश गर्नु पर्नेछ ।

६) परियोजना सञ्चालनमा विशेषज्ञहरू संलग्न हुने भएमा त्यस्ता विशेषज्ञहरूको व्यक्तिगत विवरण परियोजना प्रस्ताव साथ पेस गर्नुपर्नेछ ।

७) स्वीकृत परियोजना प्रस्तावमा प्रस्तावित रकमभन्दा कम रकम युनेस्को पेरिसबाट प्राप्त भएमा पनि प्रस्तावकले परियोजना सञ्चालन गर्नुपर्नेछ ।

८) परियोजना प्रस्ताव अङ्ग्रेजी भाषाको Times New Roman को 12 Font मा A4 साइजको कागजमा तयार गरी सोको ५ प्रति Hard Copy र Electronic version समेत प्रस्तावक संस्थाको प्रतिनिधि स्वयं उपस्थित भई सचिवालयमा पेस गर्नुपर्नेछ ।

९) परियोजना प्रस्ताव सम्बन्धी युनेस्को पेरिससँग हुने सम्पूर्ण लेखापढी युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालयले गर्नेछ ।

१०) प्राप्त परियोजना प्रस्ताव छनौटका तोकिएका मूल्याङ्कनका आधारमा गर्ने, युनेस्को पेरिसमा सिफारिस गर्ने र पेरिसबाट स्वीकृत भई आर्थिक सहयोग प्राप्त भएपछि आवश्यक निर्देशन सहित प्रस्तावक संस्थाबाट कार्य सम्पन्न गर्ने गराउने सम्बन्धी सबै अधिकार सचिवालयमा रहनेछ ।

११) सचिवालयमा पेस भएका परियोजना प्रस्तावहरू कुनै पनि प्रस्तावकलाई फिर्ता गरिनेछैन ।

१२) तोकिएको समयभित्र सचिवालयमा दर्ता नभएका, प्रस्ताव साथ संलग्न हुनुपर्ने भनी तोकिएका कागजातहरू संलग्न नभएका र तोकिएको ढाँचामा नभएका परियोजना प्रस्तावहरूलाई मूल्याङ्कनमा सहभागी गराइनेछैन ।

१३) उपकरण खरीद सम्बन्धमा युनेस्कोको नियमानुसार हुनेछ ।

<u>परियोजना प्रस्तावको ढाँचा (Project Proposal Format):</u>

1. Title of the Project
2. Background
3. Rationale of the Project
4. Objectives, General/Specific
5. Approach and Methodology
6. Proposed Work plan
7. Project Schedule
8. Project Personnel
9. Expected output
10. Envisaged benefit from the Project
11. Project Cost Details (including UNESCO Contribution and Implementing Agency's Contribution)
12. Sustainability of Project
13. \multicolumn{3}{l }{Project Domain: Education, Sciences (MAB and IHP), Culture, Mass-Communication, Social (please choose one domain with related to your project)}

माथि उल्लिखित ढाँचामा परियोजना प्रस्ताव तयार गरी पेस गर्नुपर्नेछ ।

परियोजना प्रस्तावको सर्त र ढाँचा लगायतका विस्तृत विवरण सार्वजनिक बिदाको दिन बाहेक अन्य दिन कार्यालय समयमा आयोगको सचिवालय, सिंहदरबार, फोन नं. ४२००५५९, इमेल: unesconatcomnepal@gmail.com मा सम्पर्क गरी लिन सकिनेछ ।साथै वेबसाइट www.nncu.org.np बाट समेत प्राप्त गर्न सकिनेछ ।

युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालय, सिंहदरबार